मिति २०७८ साउन २६ गते मंगलबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को

## सातौं बैठकका निर्णयहरु

निर्णय नं. १:- विपद्को विद्यमान क्षतिको समीक्षाका साथ यस अवधिमा ६८ जनाको दु:खद् निधन भएको तथा ४० जना हराईरहेकाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुका साथै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै ८४ जना घाइते भई उपचारको क्रममा रहेका सबैको पूर्ण स्वास्थ्य लाभको कामना गर्ने ।

निर्णय नं. २:- विपद्को समयमा सहयोग र समन्वय गर्ने स्थानीय जनसमुदाय, स्थानीय तहका पदाधिकारी, कर्मचारी, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश सरकार लगायत सरकारी तथा गैरसरकारी क्षेत्र सबैलाई धन्यवाद दिने ।

निर्णय नं. ३:- जलवायु परिवर्तनको बढ्दो असरबाट उत्पन्न हुने विपद् जोखिमलाई समेत मध्यनजर गर्दै संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमले पहिचान गरेका क्षेत्रहरुलाई समाविष्ट गरी तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना तयार गर्ने, जसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई समन्वय गर्न निर्देशन दिने ।

निर्णय नं. ४:- मनसुनको बाँकी अवधिका लागि पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकार र स्थानीय तहसँग समेत समन्वय गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र जिल्ला विपद् व्यवस्थापन समितिलाई परिचालित हुन निर्देशन दिने ।

निर्णय नं. ५:- २०७७ साल चैत्र २६ गतेको निर्णय बमोजिम राष्ट्रिय विपद् व्यवस्थापन कोष परिचालन नियमावली र कार्यविधि तर्जुमा प्रकृया यथाशिघ्र टुंग्याउन गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने ।

निर्णय नं. ६:- विपद्का कारण उच्च रणनीतिक महत्व र जनजीवनमा गम्भीर असर पर्ने प्रकृतिका पुलहरु क्षतिग्रस्त भएमा त्यस्ता स्थानमा बेली वा एक्रोब्रिज तत्काल सञ्चालन गर्ने । यस्ता पुलहरु सञ्चालन गर्न समय लाग्ने भएमा मोडयुलर यान्त्रिक पुल निर्माण गर्ने । यस्ता निर्माण वा खरिद कार्य सडक विभाग, स्थानीय पूर्वाधार विभाग, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा गर्ने गरी नेपाली सेनालाई जिम्मेवारी दिने र यसको लागि आवश्यक रकम अर्थ मन्त्रालयबाट निकासा दिने । नियमित सञ्चालन हुने पुलको निर्माण भए पश्चात उक्त यान्त्रिक पुलहरुलाई अन्यत्र प्रयोग गर्ने गरी व्यवस्था मिलाउन प्राधिकरणलाई निर्देशन दिने ।

निर्णय नं. ७:- मेलम्ची नदीको गेगग्रान बहाव र त्यसले निम्त्याएको जोखिम र निराकरणको उपायका लागि विगतका सबै किसिमका अनुभवको अध्ययन समेत गरी विस्तृत अध्ययन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने।

निर्णय नं. ८:- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई थप सबल, सक्षम र प्रभावकारी बनाउन (क) जोखिम न्यूनीकरण तथा पूर्व सूचना प्रणाली, (ख) विपद् प्रतिकार्य, (ग) पुर्ननिर्माण तथा पुन:स्थापना र (घ) अध्ययन, अनुसन्धान तथा तालिम गरी कम्तिमा चारवटा निर्देशनालय र अन्य आवश्यक संरचना तथा जनशक्ति रहने गरी यसको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अघि बढाउने ।

निर्णय नं ९:- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ३ उपदफा (२) को खण्ड (झ) बमोजिम पूर्वमन्त्री डा. गंगालाल तुलाधर, धादिङलाई मनोनयन गर्ने ।

२०७८।४।२६

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्